प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना**

(मिति २०७५ माघ ६ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधी, होटल म्यानेजमेन्ट कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड, दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्ड तथा डिप्लोमा इन सोसियल वर्क्स कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड, दोश्रो बर्ष प्रथम खण्डको नियमित तथा आंसिक एवं तेस्रो बर्ष प्रथम खण्डको नियमित परीक्षा **२०७५ साल फाल्गुन/चैत्र महिनामा** संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउँनका लागि **२०७५ साल माघ २७ गते भित्र नियमित शुल्कमा** र **२०७५ साल फागुन ०५ गते भित्र विलम्व शुल्कमा** म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्नशर्तहरु पूरा नभएका र ***तोकिएको समय भित्र आवेदन फाराम नबुझाउँने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।***

## शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । उक्त आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने **पासपोर्ट साईजको** फोटो टांसिएको हुनुपर्नेछ ।

२. शिक्षण संस्थाहरुले नियमित परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा र थप एक प्रति छुट्टै फाइलमा बुझाउनु पर्नेछ ।

३. आंसिक परीक्षार्थीहरुको परीक्षा आवेदन फारामसाथ समष्टीगत फाराम समेत तयार गरी सो को एक प्रति Soft Copy Excel 7.0 मा र Hard Copy (Printed Copy) दुई प्रति समेत फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

४. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. २०००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ ।

५. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

६. प्रयोगात्मक बिषयको परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीहरुकोलागि पनि शर्त नं. ५ मा उल्लेखित शर्त लागू हुनेछ ।

७. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत नियमित विद्यार्थीहरुको हकमा परीक्षा आवेदन फाराम शुल्क प्रति विद्यार्थी रु ५००।- मात्र लाग्नेछ ।

८. ***सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति २०७५/१०/२८ तथा बिलम्व शुल्क बुझाउने अन्तिम मिति २०७५/११/०६ भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।***

९. **सम्वन्धित शिक्षण संस्थाहरुले उक्त नियमित तथा आंशिक परीक्षाका आवेदन फारामहरु मिति २०७५ फागुन ०१ गते भित्र अनिवार्य रुपमा परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा आइपुग्ने गरी बुझाउनु पर्नेछ ।**

१०. तोकिएको समयभित्र परिषद्को परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा परीक्षा आवेदन फाराम दर्ता नभएमा फाराम स्वीकृत गरिने छैन । त्यसको जवाफदेही सम्बन्धित शिक्षण संस्था नै हुनेछ ।

११. **जेहेन्दार तथा वर्गिकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई नियमित परीक्षा शुल्क लाग्ने छैन ।**

१२. ***आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७०/७१ देखि २०७४/७५ (२०१३ देखि २०१७) मा भर्ना भई रजिष्ट्रेशन कायम भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँने छन् ।***

१३. नियमित परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system **मा** entry **गरी** *प्रमाणित एक प्रति (Printed Copy)* अनिवार्य रुपमा संलग्न **गर्नुपर्नेछ** । **आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण विद्यार्थीहरुले फाराम भरी परीक्षा दिएको पाईएमा निजहरुको परीक्षा स्वत : रद्ध हुनेछ ।**

१४. आंशिक परीक्षार्थीहरुको आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण हुनेहरुको हकमा समेत समष्टिगत फाराम तयार गरी **एक प्रति** Soft Copy (DVD) Excel 7.0 **मा र** Hard Copy (Printed Copy) उत्तीर्ण भएको प्राप्ताङ्क दरखास्त फाराममा उल्लेख गर्नुपर्ने र एक प्रति उक्त प्राप्ताङ्क समेत आवेदन फाराम साथ पेश गर्नुपर्नेछ ।

१५. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१६. नियमित तर्फका सम्पुर्ण कार्यक्रम, बर्ष र खण्ड तथा डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग कार्यक्रमका आंशिक तर्फका परीक्षार्थीहरुको समेत ***परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट*** www.ctevt.org.np मा उपलब्ध हुनेछ । यस बाहेकका आवेदन फारामहरु परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर र परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुबाट उपलब्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१७. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत आंशिक र नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी ***कार्यक्रम, विषय, विद्यार्थी संख्या र रकम खुलेको शिक्षण संस्थाको पत्र र रकम बुझाएको रसिद*** संलग्न गरी प्रा. शि. तथा व्या. ता. परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, सानोठिमी, भक्तपुरको च. हि. नं. १७३०००००११०१** मा, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरीमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, इटहरीको च. हि. नं. २५५०००१२७८०१ मा,** मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, भरतपुरको च. हि. नं.१३१०००६६७१०१ मा,** र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँकेमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, कोहलपुरको च. हि. नं. ४२८०००००९१९०१ मा** रकम जम्मा गरेको हुनु पर्ने छ ।

१८. परीक्षार्थीहरुको जुनसुकै अवस्थामा पनि परीक्षा केन्द्र परिवर्तन गरिने छैन ।

१९. प्रवेश पत्र सम्वन्धित शिक्षण संस्थाले परीक्षा शुरु हुनु अगावै परीक्षा नियन्त्रण कार्यालय र **परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुबाट** बुझि लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराइने छैन ।

२०. आंशिक परीक्षार्थीहरुको Symbol No. परिषद्को वेभसाइट www.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ । Symbol No. ***राख्दा*** Numbering Machine ***मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्ने छ ।***

२१. यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ ।

**परीक्षा नियन्त्रक**